Hamro prajashakti
@t. 9th Aug, 2015

## सिक्किममा मात्र मानव अधिकार आयोग न्यायालय छः न्यायाधीश जैन

**गान्तोक, ८ अगस्तः** देशमा सिक्किम मात्र एउटा यस्तो राज्य हो जहाँ राज्य मानव अधिकार आयोग न्यायालय छ भनी राज्य मानव अधिकार आयोगका अध्यक्ष न्यायाधीश नरेन्द्र कुमार जैनले बताएका छन्। मानव अधिकारमाथि आयोजित एक सचेतना कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष जैनले भने, मानव अधिकारका मामिलाहरू छैनन् भन्नाले यो बुझिँदैन कि राज्यमा मानव अधिकारको अतिक्रमण भएको छैन तर राज्यका मानिसहरू यस अधिकारप्रति कम जागरूक छन् भन्ने बुझिन्छ। मानव अधिकार आयोगमा सिक्किमका दुइवटा मुद्दा रेकर्ड गरिएको छ तथापि यसले अधिकारको अतिक्रमण भएको छैन भन्ने बुझिँदैन।

आज उनी सिक्किम विश्वविद्यालयको सामाजिक विज्ञान प्रशाखा तथा मानव अधिकार आयोगद्वारा आयोजित सचेतना कार्यक्रममा मुख्य अतिथिको आसनबाट सम्बोधन गर्दै थिए। कार्यक्रममा सिक्किम उच्च न्यायलयका पूर्व न्यायधीश एपी सुब्बा, वरिष्ठ अधिवक्ता तथा बार सदस्य भरत राज प्रधान, सिक्किम विश्वविद्यालयका उपकुलपति टीबी सुब्बाको पनि उपस्थिति थियो। यस कार्यक्रमको अवसरमा सिक्किम मानव अधिकार आयोगले २५ पृष्ठको एउटा पुस्तक जारी गरेको छ जसमा मानव अधिकारका जानकारी मुलक विषयहरू समावेश गरिएको छ।

Himali Bela
@t. 9th Aug, 2015

## मानव अधिकार आयोगबारे जागरण कार्यक्रम

**गान्तोक, ८ अगस्तः** मानव अधिकार आयोगबारे जागरण कार्यक्रम पर्यटन विभागको कन्फेरन्स हलमा सम्पन्न भयो। कार्यक्रम सिक्किम राज्य मानव अधिकार आयोगको सहयोगमा सिक्किम विश्वविद्यालयको कानुन विभागले सञ्चालन गरेको थियो।

कार्यक्रममा न्यायाधीश नरेन्द्र कुमार जैन मुख्य अतिथिको रूपमा थिए। साथै अन्य थुप्रै गणमान्य व्यक्तित्वहरू लगायत विद्यार्थीहरूको पनि बाक्लो उपस्थिति रहेको थियो।